सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २७८ ♦ २०८३ साल असार ८ सोमवार ♦ 22 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## गौशाला नगरपालिकाले ल्यायो १ अर्ब ५ करोडभन्दा बढीको बजेट, कृषि-शिक्षा-स्वास्थ्यलाई प्राथमिकता

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**असार ७ गते, महोत्तरी**




गौशाला नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि कुल रु १ अर्ब ५ लाख १ हजार बराबरको बजेट सार्वजनिक गरेको छ। आइतबार सम्पन्न नगरसभाको १६औं अधिवेशनमा नगर प्रमुख डा. दीपेन्द्र महतो ले आगामी आर्थिक वर्षको आय-व्यय अनुमान प्रस्तुत गर्नुभएको हो।

प्रस्तुत बजेटमा संघीय सरकार बाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान तथा राजस्वलाई प्रमुख आयस्रोतका रूपमा समेटिएको छ। जसअनुसार वित्तीय समानीकरण अनुदानतर्फ रु १६ करोड ९ लाख, राजस्व बाँडफाँडतर्फ रु १४ करोड ४१ लाख ७४ हजार, सशर्त अनुदानतर्फ रु ३० करोड ३९ लाख, विशेष अनुदानतर्फ रु २ करोड ५२ लाख र समपूरक अनुदानतर्फ रु १ करोड २३ लाख प्राप्त हुने अनुमान गरिएको छ। त्यस्तै, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानतर्फ रु ११ करोड ९९ लाख १२ हजार, विशेष, समपूरक तथा सशर्त अनुदानतर्फ रु १ करोड १० लाख र प्रदेश राजस्व बाँडफाँडतर्फ रु १ करोड ५ लाख ३६ हजार प्राप्त हुने प्रक्षेपण गरिएको छ। नगरपालिकाले स्थानीय राजस्व बाँडफाँडबाट रु ५ करोड, आन्तरिक आयबाट रु ५ करोड ७८ लाख १५ हजार तथा बैंक मौज्दातबाट रु २ करोड ९० लाख ६६ हजार २ सय आम्दानी हुने अनुमान गरेको छ।

बजेट प्रस्तुत गर्दै नगर प्रमुख डा. महतोले सीमित स्रोत-साधनका बीच नगरवासीको आवश्यकता र विकासका प्राथमिकतालाई आधार बनाएर बजेट निर्माण गरिएको बताउनुभयो। उहाँका अनुसार कृषि उत्पादन वृद्धि, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवाको विस्तार , स्वरोजगार प्रवर्द्धन तथा पूर्वाधार विकासलाई बजेटमा विशेष प्राथमिकता दिइएको छ।

“स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै उत्पादनमुखी, रोजगारमुखी र जनमुखी कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ,” नगर प्रमुख महतोले भन्नुभयो, “बजेटको प्रभावकारी कार्यान्वयनबाट नगर वासीले प्रत्यक्ष लाभ पाउने अपेक्षा गरेका छौं।”

बजेट सार्वजनिक कार्यक्रममा वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, नगरसभा सदस्य, शिक्षक, कर्मचारी तथा सञ्चार कर्मीहरूको सहभागिता रहेको थियो। नगरपालिकाले आगामी आर्थिक वर्षमा विकास निर्माणका काम र सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ।

नगरपालिकाले बजेट कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सामाजिक संघ(संस्था तथा नगरवासीको सहयोग आवश्यक रहेको जनाएको छ।

## मटिहानीमा करेन्ट लागेर एक जनाको मृत्यु

खबर दर्पण समाचारदाता

**असार ७ गते, बर्दिवास**

महोत्तरीको मटिहानी नगर पालिकामा आइतवार करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

मटिहानी नगरपालिका वडा ८ मा रहेको बजारमा व्यवसाय गरिरहेका मटिहानी नगरपालिका ८ बस्ने अन्दाजी ६५ वर्षीय सिताशरण चमारको करेन्ट लागेर मृत्यु भएको हो।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले जुत्ता सिउँदैआएका चमारलाई नजिकै रहेको बिजुलीको स्टेट तारमा करेन्ट लागेको जानकारी दिनुहुदै गम्भीर घाइते भएका उहाँलाई स्थानीयवासी र परिवारजनले तत्काल उपचारका लागि अस्पताल पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेको बताउनुभयो ।

पुरानो विजुलीको तार तथा पोलको कारणले घटना घटेको बताउनु हुदै तार र पोल परि वर्तनका लागि पटक पटक पहल गरे पनि काम हुन नसकेको गुनासो गर्नुभयो । शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

यता, स्थानीयवासीले विद्युत् लाइन तथा तारहरूको नियमित मर्मत-सम्भार र सुरक्षामा



सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने माग गरेका छन्।


# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# आँप बगैँचामा रमाएका रामबहादुर

-कमलेश ठाकुर



धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा यतिखेर 'आँप मेला' लागेको छ । यो मेलाका परिचित आँप किसान हुन्, २७ वर्षीय रामबहादुर महतो । अधिकांश व्यापारी हुन् अथवा आँपका पारखी, सबैभन्दा पहिला रामबहादुरलाई खोज्छन् ।

तीनदिवसीय यो मेलाको पहिलो दिन उनले २६ क्विन्टल आँप बिक्री गरे । यसमा उनले करिब एक लाख ६५ हजार रुपैयाँको कारोबार गरे ।

चार वर्षअघि उनीसँग व्यापार गर्न पुँजी थिएन । उनी पाकेर भुइँमा झरेका आँप किसानसँग सस्तो मूल्यमा खरिद गर्थे । अनि, गाउँगाउँको हटिया (बजार)मा बिक्री गर्न पुग्थे ।

समयमा आँप बिक्री नहुँदा घाटा लागेपछि उनले गाउँकै मोटर साइकल समेत भएका विजय महतोलाई व्यापारमा साझेदार बनाए ।

अब रामबहादुरको कथा फेरिएको छ । उनी यो गाउँपालिकाकै सबैभन्दा ठूलो आँप व्यापारी भएका छन् । यो वर्ष उनले ४४ बिघाको आँप बगान किसानसँग लिजमा लिएर खेती गरेका छन् ।

"पाकेर भुइँमा झरेको एक क्रेट (२५ केजी) आँपबाट व्यापार सुरुआत गरेको थिएँ," उनले स्मरण गर्दै भने, "देशका २५ वटा सहरमा आँप पठाउन थालेको छु र ३५ जनासम्मलाई रोजगारी दिएको छु । एक वर्षमा ५० लाख रुपैयाँको कारोबार गर्छु ।"

उनले किनेका बगैँचामा मालदह, दशहरी, कलकत्तिया, आम्रपाली, जर्दा, लालगुलाब, भदैया, बिजुलगायत जातका आँप छन् । बिजुमा मात्र ४० भन्दा बढी प्रकारका आँप हुने गरेको उनले बताए ।

बगैँचा स्याहार्न उनले पुसदेखि नै मिहिनेत गरेका थिए । उनका अनुसार, चित्रपुरमा पहिला अरू जिल्लाका व्यापारीले आँप बगान लिजमा लिन्थे । आँपका निम्ति प्रख्यात ठाउँ भएकाले यहाँ निकै टाढाबाट पनि व्यापारी आउने गरेका छन् । व्यापारीले असोज-कात्तिकमै गाउँका बगैँचा किन्न थालेपछि रामबहादुर पनि ऋण लिँदै आँप खेतीतिर आकर्षित भएका हुन् ।

यो वर्ष ४४ लाख रुपैयाँमा ४२ बिघाको आँप बगैँचा लिजमा लिएर खेती गरेको उनी बताउँछन् । उनले यस वर्ष ६० लाख रुपैयाँको आँप बिक्री गर्ने लक्ष्य राखेका छन् । मौसम र बजारले साथ दिए त्योभन्दा बढीको कारोबार हुने उनको अनुमान छ ।

## चित्रपुरको इतिहास

धनुषाको उत्तरी क्षेत्र चित्रपुरमा आँप बगैँचाको इतिहास पुरानो छ । करिब सात दशकदेखि यहाँ आँप खेती भइरहेको स्थानीय कृषकको भनाइ छ ।

मेला समितिका संयोजक एवं चित्रपुर म्यांगो एग्रो टुरिजम इनिसिएटिभका सञ्चालक प्रदीप महतोका अनुसार, बटेश्वर-१ मा मात्र ५०० बिघामा आँप खेती भइरहेको छ । ६०० घरधुरी अनुमान गरिएको यहाँ करिब ३०० किसान आँप खेतीमा संलग्न छन् ।

यहाँ ०२० सालदेखि आँप खेती सुरु गरिएको उनले जानकारी दिए । उनका अनुसार, चित्रपुर पहिला यस्तो थिएन । कुनै बेला यहाँ घना जंगल थियो । जंगलमा चन्दन र सखुवाका रुख थिए । हिंस्रक जनावरहरू बस्थे ।

"यो ठाउँ मनमोहक होइन, भयानक थियो," सञ्चालक महतोले अग्रजका भनाइ उद्धृत गर्दै भने, "सुरुआतमा थोरै किसानले आँप खेती गरेका थिए । २०४० सालपछि चित्रपुरमा आँप खेती ह्वात्तै बढ्यो । यहाँ आँप बगैँचा नभएका घर नै छैनन् ।"

यहाँ कम्तीमा १०० प्रजातिका आँप फल्छ । यो वडालाई आँपको पकेट क्षेत्र पनि घोषणा गरिएको छ । आँप व्यापारीले यहाँका आँप काठमाडौंलगायत अरू ठूला सहरमा पुर्‍याउँछन् ।

"आधाभन्दा बढी आँपको बगैँचा अन्य जिल्लाका व्यापारीले लिजमा लिन्छन् । उनीहरू लिजमा लिँदै आँप खेती गर्छन् र अरू सहरमा पठाउँछन्," उनले भने, "मेरा उपत्पादनका आँप १० वटा सहरमा पुग्छ ।"

आँपबाट चित्रपुरका किसानले बर्सेनि पाँच करोड रुपैयाँको कारोबार गर्ने गरेको उनले बताए ।

## चुनौतीको चाङबीच खेती

आँप किसान देवेन्द्र सिंह यसको खेतीमा चुनौती रहेको बताउँछन् । यहाँका किसान राज्यको उपेक्षामा परेको उनको गुनासो छ ।

उनले धान खेतीसँग तुलना गर्दै भने, "सरकारले धान/गहुँ खेतीका लागि मल, बीउमा अनुदान दिन्छ र सिँचाइको व्यवस्था पनि गरेको छ । तर, आँप खेती गर्ने तथा वातावरण जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आँप किसान उपेक्षामा छन् । मैले १५ वर्ष भयो फर्म दर्ता गराएको, एक पैसा पाएको छैन ।"

आँप किसानका निम्ति मलखाद, कीटनाशक विषादी र कोल्डस्टोर (शीतभण्डार) आवश्यक रहेको उनी बताउँछन् । आँप खेतीमा लगानीको वातावरण बिग्रँदै गएको उनी सुनाउँछन् ।

आँप किसानको बिमामा पनि जटिल प्रक्रिया रहेको र सिँचाइ कुनै ठाउँमा नभएको उनले उल्लेख गरे । यी सबै समस्या हुँदाहुँदै जंगली जनावरले समेत किसानलाई हैरान पारेको उनको भनाइ छ ।

"अर्को कुरा, यहाँ उत्पादन हुने आँप खपत हुने बजार छैन, बाहिर पठाउनुपर्छ । यहाँबाट गाडी निस्किनेबित्तिकै प्रहरीले खर्च माग्छ," उनले भने, "ढल्केवरदेखि प्रहरीलाई पैसा दिनुपर्छ, नभए गाडी अगाडि बढ्न दिँदैनन् । काठमाडौंसम्म जाँदा पाँच-सात ठाउँमा प्रहरीलाई पैसा बुझाउनुपर्छ ।"

## प्रदेश सरकारबाट आस

मधेस प्रदेश सरकारले कृषि क्षेत्रको विकासका निम्ति तीन अर्ब ७७ करोड रुपैयाँ यही असार १ गते ल्याएको बजेटमा विनियोजन गरेको छ । 'उत्पादनशील मधेस, आत्मनिर्भर देश' र 'मधेस क्यान फिड द नेसन' अभियानलाई सार्थकता दिइने प्रदेशको बजेटमा उल्लेख छ ।

उत्पादन र नतिजामा आधारित नगद अनुदान प्रणाली लागु गर्ने विषय मधेसको बजेटमा समावेश गरिएको छ । प्रदेशबाट उत्पादित कृषिजन्य सामग्रीको 'ब्रान्डिङ', सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ प्रणालीलाई विस्तार, कमान्ड एरिया डेभलपमेन्ट कार्यक्रम सञ्चालन र भूमिगत जलस्तर बढाउन वाटर रिचार्जजस्ता योजना पनि ल्याइएको छ ।

यी योजना सही रूपमा कार्यान्वयन भए चित्रपुरका आँप व्यापारीले पनि लाभ लिन सक्ने उनीहरूमा आशा जागेको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# स्वतन्त्र पत्रकारिता, विज्ञापन बहस र महासंघको आन्दोलन





रमेश कुमार बोहोरा

समुन्न लोकतन्त्रमा यसका प्रत्यक्ष, अप्रत्यक्ष अंगहरु अर्थात् संविधानले चिनेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका साथ सर्वमान्य रुपमा स्वीकृत चौथौं अंग 'पत्रकारिता'को स्वतन्त्रता, पत्रकारहरुको हक, अधिकार, सुरक्षाका साथै उनीहरुको सम्मान र सहज जीविकोपार्जनको अवस्था स्थापित भएको हुन्छ ।

जनताको आवाज मुखरित गर्ने, राज्यसत्ता र अन्य निकायहरुलाई खबरदारी गर्ने, राम्रा कामको चर्चा गर्ने, खराब कामको आलोचना गर्ने र सचेत पार्दै समाज निर्माणको यात्रामा अघि बढाउने जिम्मेवारी स्वतन्त्र पत्रकारिताको हुन्छ ।

यस्तो पत्रकारिता राज्य, कुनै निकाय, कुनै राजनीतिक दल, संगठन, समुदायको प्रभावबाट मुक्त हुनुपर्छ । अझ राज्यतहबाट अप्रत्यक्ष रुपमा प्रेसमाथि अंकश लगाउन खोजियो भने त्यहाँ लोकतन्त्र कमजोर हुँदै जान्छ ।

नेपालमा अहिले स्वतन्त्र पत्रकारिता र लोकतन्त्रको बहस चुलिएको छ । फागुन २१ गतेको निर्वाचनपछि गठन भएको झण्डै दुई तिहाइको सरकारले २०८२ चैत १८ गते तीनै तहका सरकारकी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै दिने गर्ने निर्णय गरेपछि त्यसलाई लिएर सुरु भएको विवाद अहिले अन्तर्राष्ट्रिय मञ्चसम्म पुगेको छ ।

यो केवल विज्ञापन वितरणको विषय होइन, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक अस्तित्वसँग जोडिएको विषय हो ।

सरकारको उक्त निर्णयले निजी सञ्चारमाध्यमलाई क्रमशः आर्थिक रूपमा कमजोर बनाउने र अन्ततः सञ्चार क्षेत्रलाई राज्यको नियन्त्रणमा सीमित गर्ने मनसाय रहेको आरोपलाई बलियो बनाएको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा सरकार सबै नागरिक र संस्थाप्रति समान व्यवहार गर्न बाध्य हुन्छ । तर सूचना र विज्ञापनजस्ता सार्वजनिक स्रोतलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले राज्य आफैं प्रतिस्पर्धी बनेर निजी सञ्चारमाध्यमलाई निषेध गर्ने मनोवृत्ति झल्काएको छ । यी घटनाक्रमले गम्भीर चिन्ता जन्माएको छ ।

नेपाल पत्रकार महासंघले सुरुदेखि नै उक्त निर्णयको विरोध गर्दै त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा व्याख्या गरेको थियो । महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय खारेज गर्न माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगको समेत ध्यानाकर्षण गराएको थियो ।

अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसँग सम्बन्धित संवेदनशील विषयमा हस्तक्षेप गर्न आयोगलाई आग्रह गरिएको थियो । तर आयोगको प्रतिक्रिया आश्चर्यजनक रूपमा मौन रह्यो ।

मानवअधिकार आयोगको मौनताले अनेक प्रश्न जन्माएको छ । नागरिकका आधारभूत अधिकारको संरक्षण गर्ने संवैधानिक जिम्मेवारी बोकेको संस्थाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासँग प्रत्यक्ष जोडिएको विषयमा किन मौनता रोज्यो ? जब अभिव्यक्ति स्वतन्त्रता खुम्चिने खतरा देखिन्छ, त्यतिबेला आयोगको भूमिका अझ सक्रिय हुनुपर्ने होइन र ? विडम्बना के छ भने, सामान्य विषयमा समेत प्रेस विज्ञप्ति जारी गर्ने आयोग यस विषयमा भने न बोल्यो, न कुनै अनुसन्धान गर्यो, न सरकारलाई सचेत गराउने प्रयास नै गर्‍यो ।

आयोगको यही निष्क्रियता अहिले आलोचनाको केन्द्रमा पुगेको छ । किनभने प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप कुनै एउटा सञ्चार गृहको समस्या मात्र होइन, त्यो नागरिकको सूचना प्राप्त गर्ने अधिकारसँग जोडिएको विषय हो । सञ्चारमाध्यम कमजोर हुँदा अन्ततः कमजोर हुने लोकतन्त्र नै हो ।

सरकारले निर्णय गरेको दुई महिना बितिसक्दा पनि मागको सुनुवाइ नभएपछि नेपाल पत्रकार महासंघ आन्दोलनको बाटो रोज्न बाध्य भएको छ ।

महासंघले सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेज, प्रेसको संवैधानिक हकको रक्षा, संवादमार्फत सर्वपक्षीय कार्यदल गठन तथा निर्बाध सूचना उपयोगको सुनिश्चितताका लागि चरणबद्ध आन्दोलन घोषणा गरेको छ ।

वैशाख ९ गतेदेखि सुरु भएको आन्दोलन अन्तर्गत प्रदेश समितिहरूले मुख्यमन्त्रीहरूसँग छलफल गरेका थिए । वैशाख १० गते सम्पूर्ण नेपाल पत्रकार महासंघ जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो भने केन्द्रीय कार्यालयले पत्रकार सम्मेलनमार्फत आफ्नो धारणा सार्वजनिक गर्‍यो ।

वैशाख ११ गते सम्पादकीय ऐक्यबद्धता प्रदर्शन गरियो र सामाजिक सञ्जालमार्फत विरोधका सामग्री सार्वजनिक गरिएको छ । 'समान विज्ञापन, सशक्त सञ्चारमाध्यम र सुरक्षित पत्रकार' तथा 'सरकारी विज्ञापन सबैलाई देऊ' भन्ने नारासहित आन्दोलनलाई थप विस्तार महासंघले गर्यो ।

वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल महासंघले गर्यो भने वैशाख १५ गते स्थानीय तहलाई संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइयो । जेठ ७ गतेदेखि एक सातासम्म हस्ताक्षर सङ्कलन अभियान सञ्चालन गरियो ।

जेठ ११ गते संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा विषयगत समितिका सभापतिहरूलाई ज्ञापनपत्र बुझाइयो । त्यसै दिन देशभरका सञ्चारमाध्यममा विरोधस्वरूप सम्पादकीय वा अन्य उपयुक्त स्थानमा कालो पोत्ने अभियान सञ्चालन गरियो ।

त्यसपछि पनि माग पूरा नभएपछि आन्दोलन थप सशक्त बनाइयो । जेठ २५ गते देशभर सङ्कलित हस्ताक्षर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाइयो । जेठ २७ र २९ गते जिल्ला प्रशासन कार्यालयहरूमा धर्ना दिइयो । असार १ र ३ गते मुख्यमन्त्री कार्यालयहरूमा धर्ना कार्यक्रम सञ्चालन गरियो ।

अन्ततः असार ५ गते काठमाडौंमा पेशागत सङ्गठन तथा सरोकार वालासहित माइतीघर मण्डला देखि बबरमहल सम्म वृहत् ऐक्यबद्धता ऱ्याली आयोजना गरियो, जसमा हजारौं नागरिक सडकमा उत्रिएका थिए । यसले महासंघ आन्दोलनलाई निर्णायक चरणतर्फ लैजान खोजिरहेको स्पष्ट संकेत दिएको छ ।

महासंघको आन्दोलन केवल विज्ञापनको हिस्साका लागि होइन, लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताको रक्षाका लागि भएको दाबीलाई सहजै अस्वीकार गर्न सकिँदैन । किनभने सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने कुनै पनि नीति अन्ततः आलोचनात्मक आवाजलाई नियन्त्रण गर्ने अप्रत्यक्ष रणनीतिका रूपमा प्रयोग हुने गरेको विश्वव्यापी अनुभव छ ।

चिन्ताजनक पक्ष के हो भने, सरकारले पत्रकार समुदायको गम्भीर आपत्ति र महासंघको निरन्तर दबाबलाई समेत बेवास्ता गरिरहेको छ । लोकतन्त्रमा असहमति सुन्ने संस्कार आवश्यक हुन्छ । तर सरकारको व्यवहार हेर्दा आलोचनात्मक आवाजप्रति असहिष्णुता बढ्दै गएको संकेत देखिन थालेको छ ।

सरकारको निर्णयमा पुनर्विचार गर्नुको सट्टा आन्दोलनलाई सामान्य रूपमा लिएर समय बिताउने रणनीति अपनाइएको जस्तो देखिन्छ । यही प्रवृत्तिले समस्या झन् जटिल बन्ने खतरा बढाएको छ ।

सबैभन्दा चिन्ताजनक पक्ष भने नेपालको प्रेस स्वतन्त्रताको विषय अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको पेरिस सम्मेलनसम्म पुग्नु हो । सम्मेलनले नेपालको अवस्थाबारे विशेष प्रस्ताव पारित गर्दै सर कारलाई आफ्नो निर्णय पुनर्विचार गर्न आग्रह गरेको छ । एउटा लोकतान्त्रिक मुलुकको नाम अन्तर्राष्ट्रिय चिन्ताको सूचीमा पर्नु सामान्य घटना होइन । यसले नेपालको लोकतान्त्रिक छवि र अन्तर्राष्ट्रिय प्रतिष्ठामाथि प्रश्न उठाएको छ ।

नेपालले लामो संघर्षपछि प्राप्त गरेको प्रेस स्वतन्त्रता कुनै सरकार को दया वा कृपाबाट प्राप्त भएको होइन । त्यसका लागि पत्रकार हरूले जेल भोगेका छन्, धम्की सहेका छन् र कतिपयले जीवन नै बलिदान गरेका छन् । त्यसैले प्रेस स्वतन्त्रतालाई कमजोर पार्ने कुनै पनि कदमलाई सामान्य प्रशासनिक निर्णयका रूपमा व्याख्या गर्न मिल्दैन ।

अहिलेको आवश्यकता टकराव होइन, संवाद हो । सरकारले आफ्नो निर्णय पुनरावलोकन गर्दै सबै पक्षको सहभागितामा समाधान खोज्नुपर्छ । राज्यका निकायहरूले पनि आफ्नो संवैधानिक दायित्व सम्झिनुपर्छ । मानवअधिकार आयोगले आफ्नो मौनता तोडेर स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ । प्रेस स्वतन्त्रताको सवालमा मौनता पनि एउटा प्रकारको सहमति ठहरिन सक्छ भन्ने तथ्य आयोगले बुझ्न आवश्यक छ ।

यही विषयमा आन्दोलनका सवालमा उठेका केही तर्कहरुलाई पनि मनन गर्नुपर्ने आवश्यकता छ । सरकारी विज्ञापन ठूला घरानिया संचारमाधयमले नपाउँदा कसरी प्रेस स्वतन्त्रता हनन् भयो ? झट्ट हेर्दा सोचनीय जिज्ञासा हो । जिज्ञासाभित्र उत्तर पनि छ कि विज्ञापन नभए संचारमाध्यम कमजोर हुन्छन् ? अर्को प्रश्न छ, उसो भए साप्ताहिक पत्रिकाहरुलाई समानुपातिक विज्ञापन दिलाउन किन नसकिएको ?

मूल प्रश्न यहीनेर आउँछ । नेपाली पत्रकारिताको इतिहास, संघर्ष, त्यागलाई जीजित राखेका साप्ताहिक पत्रिकाहरुको अस्तित्व र क्षाका लागि पनि महासंघ जसरी सरकारी विज्ञापन नदिने निर्णयको विरोधमा उभियो त्यसै गरी उभिनुपर्छ भन्ने आवाज उठिरहेको छ । यो आवाजलाई महासंघ केन्द्रीय समितिले आत्मसात गर्नुपर्छ ।

प्रेस भनेको ठूला घरानिया, दैनिक पत्रिका, रेडियो, टेलिभिजन चलाउनेहरु मात्र होइनन् साना लगानीका, सम्पादक, प्रकाशकले आफ्नो तलब, पेन्सन काटेर छपाई गर्ने साप्ताहिक पत्रिका पनि हुन् र विचार प्रवाह, दृष्टिकोण निर्माणमा यी पत्रिकाहरु नै अब्बल र हेका छन् भन्ने दावी पनि अस्वीकार गर्न सकिन्न ।

यसैले प्रेस स्वतन्त्रता कुनै संचारगृह वा पत्रकारको विशेषाधिकार होइन, त्यो नागरिकको अधिकार हो । स्वतन्त्र सञ्चारमाध्यम कमजोर भए लोकतन्त्र कमजोर हुन्छ, लोकतन्त्र कमजोर भए नागरिकको स्वतन्त्रता कमजोर हुन्छ । त्यसैले आज उठेको प्रश्न विज्ञापनको भागबन्डाको मात्र होइन, लोकतन्त्रको आत्माको रक्षा गर्ने कि त्यसलाई क्रमशः नियन्त्रणको घेरामा सीमित गर्ने भन्ने हो ।

नेपाल पत्रकार महासंघको आन्दोलनको सार पनि यही हो । राज्यका स्रोतमा समान पहुँच, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सूचनाको अधिकारको संरक्षण र स्वतन्त्र पत्रकारिताको अस्तित्वको रक्षा । यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने इतिहासले फेरि एकपटक सम्झाउनेछ । प्रेसमाथिको नियन्त्रणको सुरुवात सधैं सानो निर्णयबाट हुन्छ, तर त्यसको परिणाम लोकतन्त्रका लागि अत्यन्त महँगो साबित हुन सक्छ ।

( लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन् )

# कमला डाइभर्सन पूर्ण रूपमा बन्द



खबर दर्पण समाचारदाता
**असार ७ गते, बर्दिवास**

सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीस्थित अस्थायी डाइभर्सन आज बिहानदेखि पूर्ण रूपमा बन्द भएको छ ।

गएरातिको वर्षापछि डाइभर्सनको ठूलो भाग थप भासिएपछि बिहानदेखि सवारी साधनको आवागमन ठप्प भएको हो ।

सिरहाको बसबिट्टा क्षेत्रतर्फ निर्माण गरिएको करिब एक करोड २५ लाख रुपैयाँ लागतको तारजाली र माटोयुक्त अस्थायी डाइभर्सन केही महिनाअघि मात्रै सञ्चालनमा ल्याइएको थियो ।

तर, निरन्तरको वर्षा र कमला नदीको बहाव बढेसँगै संरचना कमजोर भई आज बिहानदेखि पूर्ण रूपमा प्रयोगविहीन बनेको स्थानीयले बताएका छन् ।

स्थानीयवासीका अनुसार बिहानैदेखि सवारीसाधन डाइभर्सन पार गर्न नसक्ने भएपछि सिरहा-धनुषा आवागमन पूर्ण रूपमा प्रभावित भएको छ ।

केही मोटरसाइकल चालकले जोखिम मोलेर आवतजावत गर्ने प्रयास गरे पनि पछि रोकिएको छ भने सर्वसाधारण डुङ्गाको भरमा नदी पार गर्न बाध्य भएका छन् ।

सिरहा नगरपालिका-५ स्थित बसबिट्टा घाटमा अहिले डुङ्गामार्फत यात्रु ओसारपसार भइरहेको छ। वडाध्यक्ष इन्द्रजित यादवका अनुसार यात्रुहरूले नदी पार गर्न प्रतिव्यक्ति १५० रुपैयाँ तिर्नुपर्ने अवस्था रहेको छ ।

यसैबीच, कमला नदीमाथि निर्माणाधीन पुल वर्षौंदेखि अलपत्र अवस्थामा छ ।

हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त पुलको ठेक्का २०६८ सालमै सम्झौता भए पनि पटकपटक म्याद थपिँदा पनि निर्माण सम्पन्न हुन सकेको छैन । बाढी र प्राविधिक समस्याका कारण पटकपटक क्षति पुगेपछि परियोजना अझै अधुरै रहेको छ ।

स्थानीयवासीहरूले वर्षेनी दोहोरिने यातायात अवरोध अन्त्य गर्न दीर्घकालीन समाधानस्वरूप पुल निर्माणलाई शीघ्र सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

# बाढी र हावाहुरीले राजमार्गदेखि ग्रामीण सडकसम्म क्षति

खबर दर्पण समाचारदाता
**असार ७ गते, बर्दिवास**

शनिबार राति चुरे क्षेत्रमा परेको वर्षाले उत्तरी भेगको जनजीवन प्रभावित भएको छ । वर्षासँगै आएको बाढी र हावाहुरीले राजमार्गदेखि ग्रामीण सडकसम्म क्षति गरेको छ ।

केही स्थानमा घरका छाना उडाउनुका साथै बालीनालीमा क्षति पुगेको छ । प्रहरीका अनुसार महेन्द्र राजमार्ग अन्तर्गत बर्दीबास-५ स्थित जङ्गली क्षेत्रमा निर्माणाधीन बेलगाछी पुलको डाइभर्सन बाढीले बगाएपछि शनिबार राति करिब तीन घण्टा सवारी आवागमन अवरुद्ध भएको थियो ।

मध्यरातमा आएको बाढीले डाइभर्सनमा जडान गरिएका चार वटा ह्युमपाइप माथिको माटो बगाउँदा सयौं सवारी साधन जाममा परेका थिए ।

बर्दीबासस्थित इलाका प्रहरी कार्यालयका डिएसपी गुरुप्रसाद तिमिल्सिनाका अनुसार तत्काल खोलाको बहाव कम हुने सम्भावना नदेखिएपछि सिरहा र सर्लाहीबाट आउने केही सवारी साधनलाई वैकल्पिक मार्गतर्फ डाइभर्ट गरिएको थियो। लामो दूरीका सार्वजनिक सवारी साधनसमेत जाममा परेपछि यात्रुहरूले सास्तीमा परेका थिए। राजमार्गको गौशाला रोडस्थित प्रहरी चौकीका असइ सुधिर सिंहका अनुसार काकडभिट्टाबाट काठमाडौँतर्फ जाँदैगरेको यात्रुबाहक बस बाढीले डुबाएको डाइभर्सनमा फसेपछि आवागमन थप प्रभावित हुनुका साथै उद्धारसमेत कठिन बनेको थियो ।

रातभर प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरीको संयुक्त प्रयासमा उद्धार तथा व्यवस्थापन कार्य सञ्चालन गरे पनि चुरे क्षेत्रमा वर्षा रोकिँदै जाँदा बाढीको बहाव कम भएपछि राति करिब साढे २ बजे सडक सञ्चालनमा ल्याइएको थियो । आइतबार बिहानसम्म खोलाको बहाव सामान्य भए पनि डाइभर्सन क्षेत्रमा हिलो र पानी जमेकाले पूर्व-पश्चिमतर्फका सवारी साधनलाई आलोपालो रूपमा सञ्चालन गरिएको असई सिंहले जानकारी दिनुभयो ।

अर्कोतर्फ शनिबार रातिको वर्षापछि उत्तरी भेगका सिर खोला, गढन्ता, ढुङ्गे, खयरमारा र मडहा लगायतका खोलामा आएको बाढीले चुरे क्षेत्रका करिब ८ सय परिवार प्रभावित भएका छन् । बाढीका कारण मेलापात, पठनपाठन तथा स्वास्थ्य सेवा समेत प्रभावित भएको बर्दीबास-४ का वडाध्यक्ष काहारमान स्याङवाले बताउनुभयो ।

उहाँका अनुसार गाउँबस्ती र सेवा प्रदायक निकायबिच खोलाहरू पर्ने भएकाले बाढी नघटेसम्म स्थानीयवासीले वडा कार्यालय, विद्यालय र स्वास्थ्य चौकीसम्म पुग्न कठिनाइ भोग्नुपरेको छ ।

यता, बिपी राजमार्ग अन्तर्गत बर्दीबास-३, पाटु क्षेत्रमा वर्षासँगै आएको हावाहुरीले सामुदायिक भवनको जस्तापाता उडाएको छ। साथै हुर्कंदै गरेको मकैबाली ढलेपछि किसानहरूलाई लाखौं रुपियाँ बराबरको क्षति पुगेको पीडित किसान रमेश खत्रीले बताउनुभयो ।

चुरे क्षेत्रमा थप वर्षा हुन सक्ने सम्भावना रहेकाले सतर्कता अपनाउन तथा नदी-खोलाको आसपासका बासिन्दालाई विशेष सावधानी अपनाउन नगर पालिकाले आग्रह गरेको छ ।

# पीडितलाई युवा समाज सुधार अभियान कटरैतको आर्थिक सहयोग

खबर दर्पण समाचारदाता
**असार ७ गते, बर्दिवास**

धनुषाका युवाहरु आफ्नो गाउँ समाजलाई सकारात्मक दिशातर्फ अघि बढाउनतर्फ सक्रिय छन् । वैदेशिक रोजगारमा रहेका युवाहरुको एक समूहले गरिब, बिपन्न, असहाय रहेका परिवारको जोविकोपार्जनदेखि स्वास्थ उपचार , शिक्षा, रोजगार, दुर्व्यसनी तथा कुलतमा फसेका युवाहरुलाई समेत विभिन्न माध्यमबाट जोगाइ गाउँ समाज बिकासतर्फ डोऱ्याउनका लागि यहाँका स्थानीय युवा समेत गम्भीर देखिएका छन् ।

यसैक्रममा धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ स्थित युवा समाज सुधार अभियान कटरैतले एक गरिब परिवारलाई आर्थिक अभावका कारण स्वास्थ्य उपचारमा समस्या भइरहेको देखे पछि आज एक कार्यक्रम आयोजना गरि वैदेशिक रोजगारदाताले बिदेशबाटै आर्थिक रकम संकलन गरि दिइएको करिब ७२ हजार रुपैयाँ हस्तान्तरण गरेका छन् ।

स्थानीय गणेश यादवकी श्रीमती गीता देवीलाई आर्थिक अभावकै कारण राम्रो ठाउमा उपचार गराउन कठिनाइ भइरहेको बेला मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ का कार्यवाहक अध्यक्ष सुकेश्वर कुमार यादव, नेपाली काङ्ग्रेस धनुषा मिथिला बिहारी नगरका वडा अध्यक्ष परमेश्वर यादव र सुनील कुमार यादवले संयुक्तरुपमा ७२ हजार रुपैयाँ पीडित गणेश यादवलाई हस्तान्तरण गरे ।




सो रकम प्राप्त गरेपछि पीडित गणेश यादवले खुसी व्यक्त गर्दै भोलि नै उपचारका लागि राम्रो अस्पतालमा लग्ने बताए । उनकी श्रीमती गीता देवीलाई पेट दुख्ने र फुल्ने रोग लामो समय देखि छ। उनको पेटमा गम्भीर समस्या रहेका छ ।

सुरज यादव र जितु यादवको पहलमा युवा समाज सुधार अभियान गठन गरी सहयोग तथा सुधार अभियान थालिएको स्थानीय जितेन्द्र यादवले जानकारी दिए ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,